लोक सेवा आयोग

अप्राविधिक तर्फको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/८/३

समय: २ घण्टा ३० मिनेट **पत्र: तृतीय** **पूर्णाङ्क: १००**

विषय: सेवा समूह सम्बन्धी

(Service-Group Related Subject)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — 35 Marks

1. "अधिकार प्रत्यायोजन भनेको अरूलाई जिम्मेवारी दिएर कार्य गराउने एउटा प्रशासनिक प्रक्रिया हो ।" यस भनाइको पुष्टि गर्नुहोस् । **5**

"Delegation of authority is an administrative process of getting things done by giving responsibility to others." Justify this statement.

2. प्रतिवेदन लेखनमा कुन कुन विषयवस्तुहरू उल्लेख गरिन्छ ? लेख्नुहोस् । **5**

What subject matters are included in report writing? Write down.

3. जनसम्पर्क व्यवस्थापनको उद्देश्य उल्लेख गर्दै जनसम्पर्क व्यवस्थापनलाई अझ प्रभावकारी तुल्याउन के गर्नुपर्छ ? वर्णन गर्नुहोस् । **2+3=5**

Mentioning the objectives of public relation management, what should be done to make the public relation management more effective? Describe.

4. जिन्सी खाता भनेको के हो ? सार्वजनिक सम्पत्ति व्यवस्थापनमा यसको महत्त्व उल्लेख गर्नुहोस् । **2+3=5**

What is inventory account? Mention its importance in public property management.

5. कार्यालयमा गुनासो व्यवस्थापन किन आवश्यक छ ? गुनासो व्यवस्थापनका प्रक्रियाहरू उल्लेख गर्नुहोस् । **2+3=5**

Why is grievance management necessary in an office? Mention the process of the grievance management.

6. कार्यालय निरीक्षण र अनुगमनमा के के भिन्नता छन् ? प्रशासकीय कार्य फछ्र्यौटमा निरीक्षण र अनुगमनको भूमिकाबारे वर्णन गर्नुहोस् । **3+7=10**

What are the differences between office inspection and monitoring? Describe about the roles of office inspection and monitoring in administrative work completion.

खण्ड (Section) – B — 35 Marks

7. समय व्यवस्थापन भनेको के हो ? कर्मचारीले समयलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न के गर्नु पर्दछ ? **2+3=5**

What is time management? What should an employee do to manage the time effectively?

8. व्यवस्थापन भनेको के हो ? व्यवस्थापनका कार्यहरू उल्लेख गर्नुहोस् । **2+3=5**

What is management? Mention the functions of management.

9. निर्णय निर्माण भनेको के हो ? विवेकशील निर्णय निर्माण प्रक्रियाका बारेमा चर्चा गर्नुहोस् । **5**
What is decision making? Discuss about the rational decision making process.

10. विकास प्रशासनको अवधारणा उल्लेख गर्दै यसका विशेषताहरू लेख्नुहोस् । **2+3=5**
Mentioning the concept of development administration, write down its characteristics.

11. निजामती सेवा ऐन, २०४९ को दफा ६१ अनुसार कुन कुन अवस्थामा निजामती कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था रहेको छ ? स्पष्ट वर्णन गर्नुहोस् । **5**
According to clause 61 of the Civil Service Act, 2049, under what circumstances is there a provision of removal or dismissal of a civil servant from service? Describe clearly.

12. भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग (CIAA) ले के कस्ता निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू गर्दै आएको छ ? भ्रष्टाचार नियन्त्रणलाई अझै प्रभावकारी बनाउन आयोगले के-कस्ता थप कदमहरू लिनु आवश्यक छ ? लेख्नुहोस् । **5+5=10**
What preventive and promotional activities are Commission for the Investigation of Abuse of Authority (CIAA) carrying out to control corruption? What additional steps should the commission need to take to make corruption control more effective? Write.

खण्ड (Section) – C **30 Marks**

13. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा यसको नियमावली अनुसार मध्यमकालीन खर्च संरचना (MTEF) तयार पार्नका लागि के-कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्नुहोस् । **5**
What kind of provisions have been made to prepare the Medium-Term Expenditure Framework (MTEF) in accordance with the Financial Procedures and Fiscal Responsibility Act, 2076 and its Regulation? Mention.

14. नेपालमा सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धमा भएको कानूनी तथा संस्थागत व्यवस्थाका बारेमा संक्षेपमा लेख्नुहोस् । **5**
Write in brief about the legal and institutional provisions related to prevention of Asset (money) laundering in Nepal.

15. सार्वजनिक खरिद भनेको के हो ? सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को काम उल्लेख गर्नुहोस् । **2+3=5**
What is public procurement? Mention the functions of Public Procurement Monitoring Office (PPMO).

16. विद्यमान सूचनाको हक सम्बन्धी ऐन अनुसार सूचना प्राप्त गर्ने कार्यविधिका बारेमा स्पष्ट पार्नुहोस् । **5**
As per the current Right to Information Act, clarify about the procedures for obtaining information.

17. विपद् व्यवस्थापन चक्र भनेको के हो ? विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का प्रमुख विशेषताहरूबारे चर्चा गर्नुहोस् । **3+7=10**
What is Disaster Management Cycle? Discuss about the main characteristics of the Disaster Risk Reduction and Management Act, 2074.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.

Please share the page link loksewapathsala.com, not this file.